नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.:

## प्रेस विज्ञप्ति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ को उपदफा (५) बमोजिम एकीकृत वित्तीय विवरण तयार गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १० को उपनियम (३) मा व्यवस्था भए अनुसार पुष पन्ध्र गतेभित्र अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पठाउनुपर्ने कानूनी व्यवस्था रहेको छ ।

सोही कानूनी व्यवस्था अनुसार आर्थिक वर्ष २०७८।७९ को संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरुको संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारको एकीकृत वित्तीय विवरण महालेखा नियन्त्रक श्री हरिप्रसाद मैनालीले मिति २०७९।०९।१७ गते माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा, दंगालज्यू समक्ष र मिति २०७९।०९।१८ गते माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु प्रसाद पौडेलज्यू समक्ष पेश गरिएको हुँदा सोही व्यहोरा जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

२०७९।०९।१८

शम्भूप्रसाद मरासिनी
प्रवक्ता

मितिः २०७९।०९।१८ गते